कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

NEPAL WAREHOUSING COMPANY LTD.

# नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड
# NEPAL WAREHOUSING COMPANY LIMITED

**रजिष्टर्ड कार्यालयः काठमाण्डौ महानगरपालिका, वडा नं. ९, सिनामङ्गल, काठमाण्डौं, फोन नं.: ०१-४११७९६१**
**इमेलः** info@nwcl.com.np, **वेबसाइटः** www.nwcl.com.np

**को**

## सर्वसाधारणहरुको लागि साधारण शेयरको निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचना

यस नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडले जारी पूँजी ६८,७५,००,०००/- को २० प्रतिशत अर्थात रु.१३,७५,००,०००/- रकम बराबरको प्रति शेयर रु. १००/- अंकित दरमा १३,७५,००० कित्ता साधारण शेयरहरु निष्काशन गरिएकोमा सो मध्ये १० प्रतिशत अर्थात् १,३७,५०० कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, २ प्रतिशत अर्थात् २७,५०० कित्ता शेयरहरु कर्मचारीहरुलाई र ५ प्रतिशत अर्थात् ६८,७५० कित्ता शेयरहरु सामुहिक लगानी कोषहरुका लागि बाँडफाँड गरी बाँकी रहेको ११,४१,२५० कित्ता साधारण शेयरहरु मिति २०८० मंसिर १० गतेदेखि सर्वसाधारणहरुमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढी शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८० मंसिर १३ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० मंसिर १३ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ५०,०००**

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००।- को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

**नेटवर्थ सम्बन्धी विवरणः**

| विवरण | वास्तविक | | | आ.व. | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | ०७९/०८० आषाढ मसान्तसम्म | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | (४८.५८) | (१०.००) | (७.२८) | (८.८७) | ५.५२ | १६.११ | १७.३४ |
| प्रति शेयर नेटवर्थ (रु.) | ५०.६६ | ८४.३६ | ८६.८६ | ८५.५५ | ९३.९६ | ११०.०७ | ११२.४१ |
| जगेडा कोष तथा संचित नाफा (रु.हजारमा) | (४,९३४) | (१३,६८६) | (३०,७०५) | (७९,४९७) | (४१,५४०) | ६९,२३५ | ८५,३२६ |

### क्रेडिट रेटिङ्ग सम्बन्धमा

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड, बानेश्वर, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७९/०९/०६ (डिसेम्बर २१, २०२२) गते "IRN BB- (Is) [BB Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । "IRN BB-" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड IRN AAA (Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा IRN AAA (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमता सबै भन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउँदछ भने IRN D (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमता सबै भन्दा बढी जाखिम रहेको जनाउँछ ।

रेटिङ्ग प्रदान गरेको मिति : २०७९/०९/०६ (तदनुसार डिसेम्बर २१, २०२२)
बहाल रहने मितिः २०८०/०९/०५ (तदनुसार डिसेम्बर २१, २०२३)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**निष्काशन तथा बिक्री प्रबन्धकः**

Himalayan Capital

A wholly owned Subsidiary of Himalayan Bank limited

## हिमालयन क्यापिटल लिमिटेड

कर्मचारी संचय कोष भवन, ठमेल, काठमाण्डौं, फोनः ०१-५३५८३४५/५३६३१४७
इमेलः info@himalayancapital.com, वेबसाइटः www.himalayancapital.com